
"कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# बजेट वक्तव्य

## आर्थिक वर्ष २०८३/८४



## टोखा नगरपालिका

## मैजुहिटी, काठमाडौं

## बागमती प्रदेश, नेपाल ।

“ कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर ”

# २०८३

" कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर "

# टोखा नगरपालिकाको उन्नाईसौं अधिवेशन बैठकमा नगर उपप्रमुख

## श्री **मुरारी तामाङद्धारा** प्रस्तुत

# आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

“ कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर ”

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## मैजुहिटी, काठमाडौं

## बागमती प्रदेश, नेपाल ।

## मिति २०८३ असार ९ गते

## ने.स. ११४६ तछलाथ्व, नवमी

टोखा नगरपालिका नगरसभाको उन्नाईसौं अधिवेशन बैठकका अध्यक्षज्यू,

१. अध्यक्षज्यूको अनुमतिले टोखा नगरपालिकाको उपप्रमुखको हैसियतले यस गरिमामय सभा समक्ष नेपालको संविधानको धारा २३० वमोजिम टोखा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को आय-ब्ययको अनुमान सहितको बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा इतिहासको विभिन्न कालखण्डमा राष्ट्र निर्माणको लागि योगदान गर्नुहुने सबैप्रति सम्मान प्रकट गर्दछु ।

३. संविधानले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही नीति/कानुन निर्माण, कार्यान्वयन, अनुगमन मूल्याङ्कन मार्फत उद्यमशीलता विकास, रोजगारी सिर्जना, भाषा, कला, संस्कृतिको संरक्षण, सम्वर्द्धन, प्रवर्धन, आर्थिक,सामाजिक र शैक्षिक दृष्टिले पछी परेका वर्गको सशक्तीकरण र विकास, हरित तथा वातावरणमैत्री दिगो पूर्वाधार निर्माण, हरेक नागरिकलाई स्वच्छ खानेपानीको उपलब्धता, आधुनिक प्रविधिमा आधारित नागरिकमैत्री सेवा प्रवाह,जवाफदेहिता प्रवर्द्धन, मितव्ययिता, पारदर्शिता एवं उत्पादनमूलक खर्च प्रणालीमार्फत **कला, संस्कृतियुक्त स्वच्छ, समुन्नत टोखा नगर** निर्माण गर्ने टोखा नगरपालिकाको आर्थिक वर्ष

२०८३/८४ को नीति अनुकूल हुने गरी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरेको छु ।

४. बजेट तर्जुमा गर्दा मैले मूलतः **नेपालको संविधान र प्रचलित कानुनहरु**, दिगो विकास लक्ष्य, १६ औं आवधिक योजना, संघीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट तथा मार्गदर्शन, प्रथम नगर आवधिक योजनाले तय गरेका लक्ष्य, श्रोत अनुमान तथा सीमा निर्धारण समितिको सिफारिस, नगरपालिकाको आगामी आर्थिक वर्षको लागि पारित नीति तथा कार्यक्रम, स्थानीय राजस्व परामर्श समितिको सिफारिस साथै विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विज्ञ एवं अन्य सरोकारवाला महानुभावहरुको सल्लाह सुझावलाई मुख्य आधार वनाएको छु।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न चाहान्छु ।

५. चालु आ.व. को बजेट पारित भई कार्यान्वयनको चरणमा प्रवेश गर्दै गर्दा मुलुकले इतिहासकै अप्रत्याशित एवं अकल्पनीय घटनाको सामना गर्नुपर्यो । सुशासनको पक्षमा जेन्जी पुस्ताले शुरु गरेको अभियान राज्यको नियन्त्रण बाहिर जान पुगी ठूलो जनधनको क्षति हुन पुग्यो । यही वर्ष विश्वव्यापी भू-राजनैतिक प्रभावले गर्दा

निर्माण सामाग्रीको अभाव, अत्याधिक मूल्यवृद्धि समेतका कारणले स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनमा असर पर्न गयो । अर्थतन्त्रमा आएको शिथिलता, व्यवसायीमा देखिएको त्रास लगायतका कारणले आन्तरिक आय लक्ष्य बमोजिम प्राप्त नहुने देखिन्छ भने विकास निर्माण सम्बन्धी कार्यमा देखिएको सुस्तताले गर्दा पूँजीगत खर्चमा अपेक्षित नतिजा हासिल नहुने देखिन्छ ।

६. सीपलाई उद्यमशीलतामा आवद्ध गरी रोजगारी सिर्जना गर्नु, चालु खर्चलाई वान्छित सीमा भित्र राखी पुँजीगत खर्च वृद्धि गरी खर्चको प्रभावकारीता बढाउनु, समयमा नै आयोजना सम्पन्न गर्नु, मापदण्ड अनुरुप नदी/खोला तथा सडक संचालन गर्नु, सबै करदातालाई करको दायरामा ल्याउनु, विकास निर्माणमा वास्तविक लाभग्राहीको संलग्नता र स्वामित्व गराउनु, सूचीकृत वेरोजगार सबैलाई न्यूनतम रोजगारीको सुनिश्चितता गर्नु, भूमिगत पानीका श्रोत संरक्षण गर्नु, सरकारी तथा सार्वजनिक संरचनाहरु नगरपालिका मातहतमा ल्याई सार्वजनिक हितमा प्रयोग गर्नु हाम्रो सामु चुनौतिको रुपमा रहेका छन् । मैले पेश गरेको बजेटले विद्यमान चुनौतिको सामना गर्दै विकास निर्माण र सेवा प्रवाह मार्फत टोखा नगरपालिकाको समृद्धिमा योगदान पुर्याउने बिश्वास लिएको छु ।

७. करका संरचनाको पुनरावलोकन, स्वेच्छिक कर अनुपालन, कार्य प्रणालीमा सरलीकरण, कर अभियान संचालन, उत्कृष्ठ करदाता सम्मान, करदातालाई छुट सुविधा, विज्ञापन कर नगरपालिका

आफैले उठाउने नीति लागु जस्ता कार्य मार्फत आगामी आर्थिक वर्षमा नगरपालिकाको आन्तरिक आम्दानीको लक्ष्य पुरा हुने विश्वास लिएको छु ।

८. २०८२ जेठ मसान्तसम्म आर्थिक वर्ष २०८१/८२ को आन्तरिक आय प्राप्ती रु. २७ करोड ६७ लाख ९३ हजार रहेकोमा २०८३ जेठ मसान्त सम्म आर्थिक वर्ष २०८२/८३ को आन्तरिक आय प्राप्ती रु. २८ करोड ९० लाख ६ हजार रहेको छ । जुन, समीक्षा अवधिमा अघिल्लो आर्थिक वर्षको भन्दा चालु आर्थिक वर्षको आन्तरिक आय **४.४१ प्रतिशतले बढी** हुन आउँछ ।त्यसैगरी चालु आर्थिक वर्षको लागि आन्तरिक आयको संशोधित अनुमान ३४ करोड ७४ लाख २४ हजार रहेकोमा २०८३ जेठ मसान्तसम्म वास्तविक आन्तरिक आय संशोधित अनुमानको **८३.१९** प्रतिशत मात्र प्राप्त भएको छ ।

९. आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च **६४.६० प्रतिशत** रहेको थियो । सम्बन्धित शीर्षकमा विनियोजित रकममध्ये चालु खर्च ७६.९४ प्रतिशत र पूँजीगत खर्च ५५.१९ प्रतिशत भएको थियो ।

१०. चालु आर्थिक वर्ष २०८२/८३ को लागि अनुमान गरिएकोमध्ये सशर्त अनुदान एवं वन रोयल्टी तर्फको रकम केही बढ्न जाने तथा जनसहभागिता वापतको रकम केही घट्न जाने देखिएकोले सो को अनुमानलाई समायोजन गरी चालु आर्थिक वर्षको लागि

संशोधित कूल आय-व्ययको अनुमान रु. १ अर्व ८७ करोड ८२ लाख ४४ हजार रहेको छ । जसमध्ये चालु खर्च रु. ८० करोड ३३ लाख ९४ हजार अर्थात ४२.७७ प्रतिशत र पूँजीगत खर्च रु. १ अर्ब ७ करोड ४८ लाख ५० हजार अर्थात ५७.२३ प्रतिशत रहेको छ । सो मध्ये २०८३ जेठ मसान्तसम्म **चालु खर्च** रु. ४३ करोड २४ लाख ३८ हजार अर्थात २३.०२ प्रतिशत र **पुँजीगत खर्च** रु. ३७ करोड ११ लाख ७३ हजार अर्थात १९.७६ प्रतिशत गरी **कूल खर्च** ८० करोड ३६ लाख ११ हजार अर्थात ४२.७९ प्रतिशत रहेको छ । सो अवधि सम्मको कूल खर्च मध्ये चालु खर्चको हिस्सा ५३.८१ प्रतिशत र पूँजीगत खर्चको हिस्सा ४६.१९ प्रतिशत हुन आउँछ ।

११. बिषय क्षेत्रगत रुपमा चालु आर्थिक वर्षको लागि विनियोजित रकम र २०८३ जेठ मसान्त सम्मको वास्तविक खर्च सम्वन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विषयगत क्षेत्र | विनियोजित रकम रु. हजारमा | विनियोजन प्रतिशत | वास्तविक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६०६०० | ३.२३ | २०४७५ | ३३.७९ |
| २ | सामाजिक | ४५५४२३ | २४.२५ | २४१२४ | ५२.९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विकास | | | ८ | ७ |
| ३ | पूर्वाधार विकास | ९८२०८२ | ५२.२९ | ३४५७२<br>० | ३५.२<br>० |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | ३७५८० | २.०० | १३१९६ | ३५.१<br>१ |
| ५ | सुशासन तथा संस्थागत विकास | ३४२५५९ | १८.२४ | १८२९७<br>२ | ५३.४<br>१ |
| | कूल | १८७८२४<br>४ | १००.०<br>० | ८०३६१<br>१ | ४२.७९ |

१२. आर्थिक वर्षको अन्त्यसम्म कूल विनियोजनको करिव ६५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । कूल वास्तविक खर्च मध्ये चालु तर्फ ५२ प्रतिशत र पूँजीगततर्फ ४८ प्रतिशत एवं सम्बन्धित खर्च शिर्षकमा कूल विनियोजन मध्ये चालु तर्फ ७९ प्रतिशत र पूँजीगत तर्फ ५५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरेको छु ।

१३. चालु आर्थिक वर्षको लागि संशोधित अनुमानित आन्तरिक आय मध्ये आर्थिक वर्षको अन्त्यसम्म वास्तविक आन्तरिक आय ९६ प्रतिशत प्राप्त हुने अनुमान गरिएको छ ।कूल आन्तरिक आय मध्ये सम्पतिकर क्षेत्रको हिस्सा उच्च रहने र यसको अंश करिब ३६.३४ प्रतिशत हुने अनुमान गरेको छु ।

१४. चालु आर्थिक वर्षको लागि स्वीकृत पूर्वाधारतर्फको आयोजना कूल संख्या ५९६ मध्ये हाल सम्म २६५ वटा आयोजनाहरु सम्पन्न भएका र बाँकी आयोजनाहरु कार्यान्वयनको चरणमा रहेका छन् । महालेखा परीक्षकको कार्यालयबाट जारी आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण प्रतिवेदन अनुसार सो आर्थिक वर्षको बेरुजु रु. १ करोड ३ लाख ९३ हजार अर्थात कूल लेखापरीक्षण अंकको ०.३६ प्रतिशत रहेको छ ।

१५. गत आर्थिक वर्षमा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा ५८.७ अंक प्राप्त भएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म प्रस्तावित बजेटका उद्देश्यहरु र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।**

१६. प्रस्तावित बजेटका उद्येश्यहरु निम्नानुसार रहेका छन् ।

क. रोजगारी सिर्जना र गरिबी निवारण गर्नु,

ख.	स्रोत साधनको सन्तुलित र अधिकतम् परिचालन मार्फत दीगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्नु,

ग.सार्वजनिक सेवालाई छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी वनाउनु,

घ.दीगो विकास लक्ष्यको स्थानीयकरण मार्फत दिगो विकास लक्ष्यका सूचकहरु हासिल गर्नु,

१७. प्रस्तावित बजेटका मुख्य प्राथमिकता देहायबमोजिम तय गरेको छु ।

क.	उद्यम विकास तथा पर्यटन प्रवर्द्धन

ख.	लक्षित बर्गको सशक्तीकरण र विकास मार्फत आर्थिक, सामाजिकस्तरमा परिवर्तन

ग.दिगो पूर्वाधार निर्माण

घ.शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सूचना प्रविधि मैत्री सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन

ङ.करदातामैत्री कर प्रणाली, करको दरमा समयसापेक्ष हेरफेर तथा दायरा विस्तार मार्फत आन्तरिक राजस्व परिचालनमा वृद्धि

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका मुख्य मुख्य कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

१८. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना श्रावण पहिलो हप्ताभित्र तयार गरी कार्यान्वयनमा लगिनेछ । बजेट कार्यान्वयनको लागि आवश्यक कानुन निर्माण तथा संशोधन, कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्ति, संरचना लगायतका संयन्त्रको विकास र सुदृढीकरण गरिनेछ । संचालित आयोजना तथा कार्यक्रमहरुको परिमाण, गुणस्तर, समय र लागतका सम्बन्धमा नियमित रुपमा नतिजामूलक अनुगमन र मूल्याङ्कन गर्ने, बजेट कार्यान्वयन सम्बन्धमा समय समयमा समिक्षा गर्दै कार्यान्वयनमा देखिएका समस्याको तत्काल समाधान गरी शत प्रतिशत बजेट कार्यान्वयन हुने गरी काम गरिनेछ।

१९. उत्पादन र उत्पादकत्व वृद्धि मार्फत बेरोजगारी र गरिबी घटाउन उद्यमशिलता विकास, स्टार्ट अप बिजनेस, लघु, घरेलु तथा साना उद्योग प्रबर्धन लगायत सीपमूलक एवं आयमूलक कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।पर्यटन प्रवर्द्धनको लागि पर्यटकीय स्थलहरुको प्रचार प्रसार, पर्यटकीय पूर्वाधारको विकास लगायतका कार्यको लागि रकम बिनियोजन गरेको छु ।

२०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) र CTEVT वाट सम्बन्धन प्राप्त संस्थाहरुसँगको समन्वयमा विषयगत, कार्यस्थलमा आधारित सीपमूलक (सीप परीक्षण सहितका) कार्यक्रम संचालनको लागि ५० लाख रकम विनियोजन गरेको छु ।

२१. रिटर्नी माईग्रेन्ट कार्यक्रममार्फत वैदेशिक रोजगारीबाट फर्किएका रिटर्नीहरुको पुनः एकीकरण एवं सुरक्षित आप्रवासनको लागि आप्रवासन सम्बन्धी सचेतनाका कार्यक्रमहरु संचालन गर्न रकम विनियोजन गरेको छु ।

२२. सूचीकृत वेरोजगारहरुलाई न्यूनतम अवधिको रोजगारी उपलव्ध गराउन नेपाल सरकारले उपलव्ध गराएको रकममा सत प्रतिशत रकम थप गरी विनियोजन गरेको छु ।

२३. कौशी खेती र शहरी कृषिलाई प्रोत्साहन, कृषि तथा पशुपंक्षी सम्बन्धी विभिन्न कार्यक्रम संचालन  गर्न रकम विनियोजन गरेको छु । स्थानीय उत्पादनको प्रवर्द्धनको लागि हाट बजार, कोशेलीघर संचालन तथा विस्तार गर्न रकम विनियोजन गरेको छु । नगदेबाली (किम्बु, उखु लगायत) प्रवर्धन, व्यावसायिक कृषि तथा पशुपंक्षी उद्यममा बीमा सेवा विस्तार गर्न रकम विनियोजन गरेको छु ।

२४. पथ प्रदर्शकको विकास, मौलिकता र नवप्रवर्तन सहितका पर्यटकीय पूर्वाधारको विकास, टोखाको पहिचान बनेको परम्परागत चाकु र ऐलाको ब्रान्डिङ्गको लागि १२ लाख विनियोजन गरेको छु ।

२५. सामुदायिक विद्यालयको पूर्वाधार विकास, पुस्तकालयको सुदृढीकरण, प्रयोगशाला सुधार, शिक्षक तथा विद्यालय कर्मचारीको क्षमता अभिवृद्धि, पाठ्यक्रममा समयानुकूल पुनरावलोकन, साझा

अभ्यास मेला आयोजना लगायत विद्यालय शिक्षालाई अनिवार्य, निःशुल्क, आधुनिक, प्रविधिमैत्री, उच्च गुणस्तरीय, जीवनोपयोगी बनाउन विभिन्न कार्यक्रमका लागि रकम विनियोजन गरेको छु ।

२६. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका बालबालिकाको हकमा नेपाल सरकारले प्रदान गर्ने रकममा रु. ५ थप तथा कक्षा ६ देखि १० सम्म अध्ययनरत बालबालिकाहरुलाई रु. २५ का दरले हुने गरी मेयर दिवा खाजा कार्यक्रम संचालनको लागि कूल रु. २ करोड ६२ लाख २१ हजार रकम विनियोजन गरेको छु ।

२७. सार्वजनिक निजी साझेदारी मार्फत हरित विद्यालय निर्माणको लागि रु ८ लाख विनियोजन गरेको छु ।

२८. प्रतिभा पहिचान कार्यक्रम संचालन, नगर खेलकूद कार्यक्रम, विद्यालयस्तरमा रनिङ्ग शिल्ड कार्यक्रम, खेल सामाग्री वितरण, प्रशिक्षण कार्यक्रम, प्रशिक्षक/खेलाडी प्रोत्साहनको लागि २ करोड रकम विनियोजन गरेको छु ।

२९. नगर खेलकूद मैदान र कबर्ड हल निर्माण कार्यको लागि रकम रु. ७५ लाख विनियोजन गरेको छु ।

३०. नगरपालिकाभित्र रहेका अति गरिव, मध्यम गरिव र सामान्य गरिव परिवारका कुनै सन्तान विद्यालय शिक्षा (कक्षा १२ सम्म) मा अध्ययनरत भएमा प्रति परिवार क्रमशः २०, १५ र १० हजार

पठनपाठन खर्च वापत सहयोग उपलव्ध गराईनेछ । सोको लागि २० लाख रकम विनियोजन गरेको छु ।

३१. आर्थिक, सामाजिक वा भौगोलिक रुपले पछाडी परेका महिला, दलित, जनजाति, अपाङ्गता भएका, मजदुर, विपन्न बर्गका विद्यार्थीहरुलाई छात्रवृत्ती उपलव्ध गराउन छात्रवृत्ती कोषमा रु.२० लाख विनियोजन गरेको छु ।

३२. बेसहारा, अपाङ्ग तथा विपन्न बालबालिका अध्ययनरत मुनाफा रहित विद्यालयहरुलाई अनुदान उपलव्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ । सोको लागि २० लाख रकम विनियोजन गरेको छु ।

३३. मानसिक स्वास्थ्य क्षेत्रमा देखिएका समस्या सम्बोधन गरी मानसिक स्वास्थ्य सेवालाई हिंसा र यातनारहित तुल्याउन विभिन्न कार्य गरिनेछ । सोको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३४. लक्षित समूहको राजनैतिक, आर्थिक, सामाजिक सशक्तीकरण, सामाजिक रुपान्तरण अभियान संचालन, सामाजिक अन्तरघुलन लगायतका विभिन्न कार्यक्रम संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३५. बालकोष खडा गरी सो कोषमा आवश्यक रकम विनियोजन गरेको छु । बाल वचत खाता संचालनलाई निरन्तरता दिन रु. ५ लाख विनियोजन गरेको छु ।

३६. बालमैत्री, अपाङ्गता मैत्री, पोषणमैत्री, लैंगिक मैत्री, युवामैत्री स्थानीय शासनका विभिन्न अभियान संचालन गर्दै आगामी आ.व.२०८३/८४ मा नगरलाई बालमैत्री नगर घोषणा गरिनेछ । सोको लागि ३५ लाख रकम विनियोजन गरेको छु ।

३७. ज्येष्ठ नागरिक मिलन केन्द्र, दिवा सेवा केन्द्रहरु स्थापना तथा संचालन, नियमित स्वास्थ्य परीक्षण, फलोअप एवं निःशुल्क औषधि वितरण, अटिजम,भकभके बोली, बौद्धिक अपाङ्गता लगायत विभिन्न खाले अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रमको लागि रु. २५ लाख रकम विनियोजन गरेको छु ।

३८. गर्भवतीलाई क्याल्सियम, किशोरीहरुका लागि फोलिक एसिड एवं सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण छात्राहरूलाई वर्षभरी आवश्यक पर्ने स्यानिटरी प्याड निःशुल्क उपलब्ध गराइनेछ । सोको लागि रकम विनियोजन गरेको छु ।

३९. सबै नागरिकलाई निःशुल्क रुपमा गुणस्तरीय आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा उपलव्ध गराउन जनशक्ति, औषधी उपकरण, आवश्यक पूर्वाधार विकास एवं क्षमता विकासको लागि रकम विनियोजन गरेको छु ।

४०. नगरपालिका अन्तर्गतका सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन गर्न निजहरुले प्राप्त गर्ने सुविधा वृद्धि गरेकोछु । अवकाश पश्चात प्राप्त हुने सुविधालाई दोब्बर गरेको छु ।

स्वयम सेविकाहरुलाई स्वास्थ्य वीमामा आवद्ध गराउन लाग्ने लागतमा ५० प्रतिशत रकम नगरपालिकाबाट वेहोरिने छ । सोको लागि रकम विनियोजन गरेको छु ।

४१. मेयर दीर्घायू निःशुल्क स्वास्थ्य परीक्षण, महिलाको स्तन तथा पाठेघरको मुखको क्यान्सर एवं पाठेघर खस्ने रोगको निःशुल्क परीक्षण, किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको HPV (Human Papilloma Virus Vaccine) खोप लगाउने लगायतका कार्यक्रमको लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

४२. आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथिक, योग,ध्यान,प्राणायाम लगायतका परम्परागत एवं वैकल्पिक उपचार पद्धति संचालन गर्न रु. ५० लाख विनियोजन गरेको छु ।

४३. उपमेयरसँग बालबालिका कार्यक्रम मार्फत विद्यालय तहका बालबालिकाहरुको निःशुल्क श्रवण, दृष्टि र दन्त परीक्षण गरी सोको निःशुल्क उपचारको व्यवस्था मिलाईनेछ । सोको लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।

४४. अस्पतालसँगको साझेदारीमा टोखा नगरवासीको निःशुल्क मिर्गौला प्रत्यारोपण गरिनेछ । सोको लागि रकम रु. ४० लाख विनियोजन गरेकोछु ।

४५. टोखा नगरवासीलाई नेपाल रेडक्रससँगको सहकार्यमा निःशुल्क रगत उपलव्ध गराउने, विपन्न नगरवासी मुटुरोगीलाई शहिद

गंगालाल हृदयरोग केन्द्रसँगको सहकार्यमा उपचारमा सहयोग उपलव्ध गराउने, मिर्गौला, क्यान्सर, मुटु रोगीलाई दिईदै आएको सहयोगमा वृद्धि गरी प्रतिव्यक्ति ५० हजारका दरले आर्थिक सहायता उपलव्ध गराउन रकम विनियोजन गरेको छु ।

४६. ऐतिहासिक सांस्कृतिक नगरी टोखाको पौराणिक, धार्मिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका मठ मन्दिर, वहाल, पोखरी, आदि सम्पदाको नियमित मर्मत संम्भार पुनःनिर्माण र संरक्षण, परम्परादेखि मनाउँदै आएका मेला-जात्रा, चाडपर्व, रीतिरिवाज, परम्परा, परिकार तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र संवर्धनको लागि रकम विनियोजन गरेको छु ।

४७. टोखा संस्कृति संरक्षण क्षेत्र विकास समितिलाई अनुदान उपलव्ध गराउन रकम विनियोजन गरेको छु ।

४८. टोखा नेवारी सांस्कृतिक संग्रहालय निर्माणको संभाव्यता अध्ययन गर्न रकम विनियोजन गरेको छु ।

४९. आगामी आर्थिक वर्षमा नगरपालिकाको दोस्रो आवधिक योजना निर्माण गरिनेछ । सोको लागि रकम विनियोजन गरेको छु । नगर यातायात गुरुयोजना निर्माणको लागि रकम विनियोजन गरेको छु ।

५०. नगरवासीलाई सहज यातायात सुविधा उपलव्ध गराउन साझा यातायातसँगको लागत साझेदारीमा सार्वजनिक बस संचालन गरिनेछ । सोको लागि रकम विनियोजन गरेको छु ।

५१. नगरपालिका अन्तर्गतका सरकारी भवनहरुको वीमा गरिनेछ । सोको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५२. अतिक्रमित सार्वजनिक एवं सरकारी सम्पति खाली गराई संरक्षण गर्ने, करिडोर खोल्ने र विस्तार गर्ने कार्यको लागि रकम विनियोजन गरेको छु ।

५३. नगरपालिका भित्रका मुख्य सडक तथा चोकहरुमा नेपाल विद्युत प्राधिकरण तथा नेपाल प्रहरीसँगको सहकार्यमा थप स्मार्ट सडकबत्ती एवं अत्याधुनिक सिसिटिभी क्यामेरा जडान गरिनेछ । सुरक्षा संवेदनशील स्थानहरुमा स्थानीयवासीहरुसँगको लागत साझेदारीमा सिसिक्यामेरा तथा सुरक्षा साईरन जडान गरिनेछ। सोको लागि रकम विनियोजन गरेको छु ।

५४. नगरवासीलाई स्वच्छ र गुणस्तरीय खानेपानी सेवाको उपलव्धता सुनिश्चित गर्न विभिन्न आयोजना तथा कार्यक्रम संचालन गरिनेछन् । सोको कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५५. चालु आर्थिक वर्षमा सम्पन्न हुन बाँकी रहेका आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरेकोछु । लागत साझेदारीमा आधारित विकास निर्माणलाई प्राथमिकता दिंदै स्थानीय

मागका आधारमा लागत साझेदारी (क्रमश: ४० प्रतिशत र ५० प्रतिशत जनसहभागिता ) मार्फत आयोजना संचालनमा जोड दिईनेछ । समपुरक मार्फत संचालन हुने आयोजनाको लागि समपुरक कोषमा रु. ९ करोड १५ लाख विनियोजन गरेको छु ।

५६. धुलोमुक्त नगरको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण एवं निर्मित पूर्वाधारको दिगोपनाको लागि नियमित रुपमा मर्मत सम्भार गर्दै नगरपालिका भित्रका मुख्य सडक २४ सै घण्टा संचालनको व्यवस्था मिलाईनेछ । धुलोमुक्त सडक निर्माणको लागि रु. ५ करोड रकम विनियोजन गरेको छु । मर्मत संभार कोष, विविध, भैपरी लगायतका विभिन्न शिर्षकमा रु. ३ करोड बिनियोजन गरेको छु ।

५७. जलाधार क्षेत्रको संरक्षण, भूमिगत जल पुनर्भरण कार्यलाई प्रभावकारी बनाउन हरेक घरहरुमा रिचार्ज प्वाईन्ट निर्माण गर्न अनुदान उपलव्ध गराईनेछ ।सोको लागि रु. ७५ लाख विनियोजन गरेको छु ।

५८. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि विभिन्न कार्यक्रम संचालनका गर्न रकम विनियोजन गरेको छु ।

५९. शहरको सुन्दरता अभिवृद्धि र वातावरणमैत्री नगर निर्माण गर्न GREEN AND CLEAN TOKHA अभियान अन्तर्गत विभिन्न कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु ।

६०. नेपाल सरकारले वृद्धि गरे बमोजिम टोखा नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरुले खाईपाई आएको तलवमा २०८३ साउन १ गते देखि लागू हुने गरी वृद्धि गरिनेछ । सोको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६१. नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवालाई सूचना प्रविधिमैत्री बनाई डिजिटल नगरपालिकामा रुपान्तरण गरिनेछ ।नगरपालिका भित्रका सबै घरधुरी एवं सडकमा नम्बर प्लेट जडान गरिनेछ । सोको लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु

६२. न्यायिक समितिको काम कारवाहीलाई छिटो, छरितो एवं प्रभावकारी बनाउन विभिन्न क्रियाकलाप संचालन गर्न रु. २५ लाख रकम विनियोजन गरेको छु ।

६३. हाल सम्मको सम्पूर्ण वक्यौता बेरुजु फछ्यौंट गरिनेछ । गैर बजेटरी खर्च र अबण्डा बजेट मार्फत हुने खर्च नियन्त्रण गर्दै सार्वजनिक खर्चमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता वृद्धि गर्दै लगिनेछ । सार्वजनिक खर्चलाई मितव्ययी, परिणाममुखी बनाईनेछ ।

६४. नगरपालिका भित्रका सडकहरूमा सडक सुरक्षा चिन्ह तथा सडक पूर्वाधार निर्माण गर्न रु. २५ लाख विनियोजन गरेको छु ।

६५. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न रु. १ करोड विनियोजन गरेको छु ।

६६. भौतिक पूर्वाधार, सूचना प्रविधि र सेवाप्रवाहसँग सम्बन्धित अध्ययन अनुसन्धान तथा परामर्श सेवाको लागि रु. ६० लाख विनियोजन गरेको छु ।

६७. नगरपालिका स्थापना भएको दिन मंसिर १६ लाई विभिन्न रचनात्मक क्रियाकलाप संचालन गरी भव्य रुपमा नगर दिवस मनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६८. टोखा नगरपालिका कार्यालय संचालनको लागि आवश्यक पर्ने थप भवन निर्माण गरिने छ ।सोको लागि आवश्यक रु. १ करोड ५० हजार विनियोजन गरेको छु ।

६९. टोखा नगरपालिकाको आवश्यक ३ स्थानमा वेलीब्रिज निर्माण गरिने छ । सोको लागि रु. १ करोड १५ लाख विनियोजन गरेको छु ।

७०. वडास्तरीय आयोजना तथा कार्यक्रमहरुको लागि रु. ३१ करोड विनियोजन गरेको छु ।

७१. नगर पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत स्थानीयवासीको माग तथा वडा कार्यालयको सिफारिस अनुसार गुणस्तरीय आयोजना पहिचान

गरी कार्यपालिकाको निर्णयानुसार कार्यान्वयन गरिनेछ । सोको लागि रु. ७५ लाख विनियोजन गरेको छ ।

७२. स्वास्थ्य शाखा मार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. २ करोड ९० लाख , शिक्षा, युवा तथा खेलकूद शाखामार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. ३ करोड ५० लाख रकम विनियोजन गरेको छ । कृषि शाखा मार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. ७० लाख, महिला तथा वालवालिका शाखा मार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. ७० लाख, पशु सेवा शाखा मार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. ६० लाख र सहकारी शाखा मार्फत कार्यान्वयन हुने कार्यक्रमको लागि रु. २० लाख विनियोजन गरेको छ ।

७३. नगरपालिका भित्रका विपन्न नागरिकहरुलाई स्वास्थ्य उपचारमा सहयोग गर्न विपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार कोषमा रु. २० लाख विनियोजन गरेको छ ।

७४. टोखा नगरमा स्थायी वसोवास गर्ने महिला सरकारी स्वास्थ्य संस्थामा सुत्केरी भएमा वाल बचत वापत रु. ५ हजार उपलव्ध गराईने, टोखा नगरवासीको मृत्यु भएमा मृतकका परिवारलाई काजक्रिया खर्च वापत प्रतिव्यक्ति रु. १० हजार उपलव्ध गराईनेछ । सोको लागि रु. १० लाख रकम विनियोजन गरेको छ ।

७५. संघ र प्रदेश सरकारवाट सशर्त अनुदानको रुपमा प्राप्त हुने कार्यक्रम र आयोजनालाई तोकिएको शर्त तथा प्रचलित कानुन अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

७६. राजस्व परिचालनको क्षेत्रमा कर सप्ताह, कर अभियान, प्रचार प्रसार जस्ता विविध कार्यक्रम संचालनको लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

७७. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम मार्फत नगरको लागि बिशेष प्राथमिकतामा रहेका आयोजनाहरु कार्यान्वयनको लागि आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रमा आवश्यकताको आधारमा बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

७८. नगर सभाको उन्नाईसौं अधिवेशनबाट आर्थिक वर्ष २०८३/८४ को लागि स्वीकृत भएका आयोजना तथा कार्यक्रमको कार्यान्वयन मार्फत समृद्ध नगर निर्माण गर्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छु ।

७९. खरिद गुरुयोजना र वार्षिक खरिद योजना बनाई बढी भन्दा बढी प्रतिस्पर्धा कायम हुने गरी बोलपत्रको माध्यमवाट खर्चलाई प्राथमिकता दिईनेछ । आयोजनाको लाभ प्राप्त गर्ने आयोजनास्थल वरपरका वास्तविक उपभोक्ताहरुको आमभेलावाट गठित उपभोक्ता

समिति/लाभग्राही समुदायमार्फत मात्र निर्माण कार्य गराई निर्माण कार्यमा बिचौलियाको अन्त्य गरिनेछ ।

८०. आगामी आर्थिक वर्ष भ्रष्टाचार नियन्त्रणमा शुन्य सहनशीलताको नीति अपनाईनेछ । भ्रष्टाचार र अनियमितता नियन्त्रणको लागि प्रभावकारी उपायहरु अवलम्वन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

८१. अब म आर्थिक वर्ष २०८३/८४ को लागि स्वीकृत क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि कूल बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहान्छु ।

८२. आगामी आर्थिक वर्षका लागि पारित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १ अर्व ९५ करोड रकम विनियोजन गरेको छु । कूल विनियोजनमध्ये चालुतर्फ रु ८७ करोड ७४ लाख ९९ हजार (४५.०० प्रतिशत) , पूँजीगत तर्फ रु. १ अर्ब ५ करोड २५ लाख ०१ हजार ( ५३.९७ प्रतिशत) र वित्तीय व्यवस्था तर्फ रु. २ करोड (१.०३ प्रतिशत) रहेको छ ।

८३. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च मध्ये संघीय सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व वाँडफाँडवाट रु. ५८ करोड ५९ लाख ३७ हजार, प्रदेश सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँडवाट रु. ११ करोड ८६ लाख ५० हजार, घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत रु. २६ करोड,

आन्तरिक एवं अन्य आयवाट रु. ३७ करोड ४ लाख १३ हजार, जनसहभागिताबाट ५० लाख र चालु आर्थिक वर्ष बाट अल्या हुने रकम रु. ६१ करोड बाट व्यहोरिने छ ।

**सभाध्यक्ष महोदय,**

८४. अब म आगामी आर्थिक वर्ष २०८३/८४ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने
अनुमति चाहन्छु।

८५. संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा आधारित राजस्व संरचनालाई परिवर्तन गरी आन्तरिक राजस्वको हिस्सा बढाउने र राजस्वको दायरा विस्तार गर्ने लक्ष्य लिएको छु ।

८६. ब्यवसाय मैत्री वातावरण सिर्जना गरी करदाताको मनोवल उच्च हुने एवं नगरपालिकाको करको हिस्सा समेत बढ्ने गरी करका संरचनाको पुनरावलोकन, स्वैच्छिक कर अनुपालन एवं कार्य प्रणालीमा सरलीकरण गरी कर अभियान संचालन, उत्कृष्ट करदातालाई सम्मान, करदातालाई सुविधा, राजस्व संकलनमा उत्कृष्ट वडा कार्यालय एवं कर्मचारीलाई पुरस्कृत गर्ने लगायतका कार्यक्रम संचालन गरिनेछ । हाल सम्म उठ्न वाँकी/वक्यौता कर असुल गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।नगरवासीको तिर्न सक्ने क्षमताको आधारमा करारोपण गरिनेछ। आगामी आ.व. देखि विज्ञापन कर नगरपालिका आँफैले उठाईने छ ।

८७. करको दायरामा नआएका करदाता पहिचान गरी कर तिर्न प्रोत्साहन गरिनेछ । दण्ड होईन स्वतःस्फुर्त रुपमा कर परिपालना गराईनेछ । राजस्व परिचालनलाई पारदर्शी र नतिजामुखी बनाउन कर प्रणाली अडिट शुरु गरिनेछ ।

८८. नगरपालिकालाई गरिने सबै प्रकारका भुक्तानी क्यू आर प्रणाली मार्फत हुने व्यवस्था मिलाईनेछ । कर भुक्तानी गर्दा स्थायी लेखा नम्बर खुलाउनु पर्ने व्यवस्था गरिनेछ । कारोवार गर्दा बिजक लिने/दिने संस्कृतिको विकास गरिनेछ । विद्युतीय माध्यमबाट कारोवारको भुक्तानी गर्न प्रोत्साहित गरिनेछ ।

८९. आगामी आर्थिक वर्ष २०८३/८४ मा राजस्व परामर्श समितिको सिफारिसको आधारमा करका नयाँ शिर्षकहरु पहिचान, विद्यमान करका दरमा पुनरावलोकन, विभिन्न करमा छुट तथा सहुलियत प्रदान, विभिन्न शिर्षकहरुमा दण्ड जरिवाना निर्धारण तथा पुनरावलोकन गरिएको छ ।

९०. आर्थिक ऐन मार्फत आगामी आर्थिक वर्षमा करका विभिन्न दरहरुमा निश्चित समयको लागि १० देखि ७५ प्रतिशत सम्म छुटको व्यवस्था गरेकोछु भने चालु आर्थिक वर्ष २०८२/८३ सम्म तिर्न बाँकी सम्पूर्ण बक्यौता कर आर्थिक वर्ष २०८३/८४ को पुस मसान्तसम्म तिर्न आएमा आर्थिक वर्ष २०८०/८१ सम्मको बक्यौता करमा लाग्ने जरिवाना पूर्ण छुट हुने व्यवस्था मिलाएको छु । साथै, आर्थिक वर्ष २०८३/८४ सम्म ५० लाख वा सो

भन्दा वढी वक्यौता सम्पतिकर दायित्व भएका करदाताहरुलाई उक्त सम्पूर्ण वक्यौता कर आर्थिक वर्ष २०८३/८४ भरी तिर्न आएमा आर्थिक वर्ष २०८३/८४ को सम्पतिकर दायित्वमा ४० प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु । पूर्व स्वीकृति नलिई निर्माण गरिएका संरचनाको हकमा २०८३ असोज मसान्तसम्म नक्सापासको दायरामा आएमा नक्सापास नियमित/अभिलेखिकरणको लागि तोकिएको थप जरिवानामध्ये ७५ प्रतिशत छुटको व्यवस्था मिलाएको छु ।

९१. उच्च मूल्यका पर्यटक लक्षित रिसोर्ट तथा होटल एवं उद्योग व्यवसायलाई नक्सापास तथा करमा छुटको व्यवस्था गरिनेछ । महिला उद्यमी एवं लक्षित वर्गका उद्यमीलाई विशेष प्राथमिकता र सहुलियतको व्यवस्था मिलाएको छु ।

९२. मौलिक संस्कृति झल्कने गरी कलात्मक ढंगबाट भवन निर्माण, Rain Water Harvesting , पानी पुनर्भरण, घरायसी फोहोरपानी प्रशोधन प्रणाली जडान गरी भवन निर्माण गर्दा नक्सापास तथा सम्पति करमा विशेष छुट दिने व्यवस्था मिलाईनेछ ।

९३. सो सम्वन्धी विस्तृत विवरण यस गरिमामय सभा समक्ष पेश हुने आर्थिक विधेयकमा उल्लेख गरेको छु ।

९४. करदातामैत्री कर नीति, कर संकलनमा सुचना प्रविधिको प्रयोग, कर संकलनमा संलग्न जनशक्तिको दक्षता र व्यवसयिकता वृद्धि तथा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली, करदाता शिक्षा,

सचेतनामूलक कार्यक्रम, चुहावट नियन्त्रण मार्फत स्वतः स्फूर्त रुपमा कर तिर्न नागरिकहरुलाई प्रोत्साहित गरिनेछ । कर अनुगमन प्रभावकारी रुपमा गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

९५. आर्थिक वर्ष २०८१/८२ को यथार्थ आम्दानी तथा खर्च, आर्थिक वर्ष २०८२/८३ को आय व्ययको संशोधित अनुमान, आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय व्यय विवरण तथा आर्थिक वर्ष २०८४/८५ र २०८५/८६ को आय व्ययको प्रक्षेपण संलग्न अनुसूची बमोजिम सभा समक्ष पेश गरेको छु ।

९६. मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटको कार्यान्वयनवाट रोजगारी सिर्जना, गरिवी निवारण, गुणस्तरीय र जीवन उपयोगी शिक्षा, आधारभूत स्वास्थ्य सेवाको पहुँच वृद्धि, सडक, विद्युत, पुल, खानेपानी, सि.सि.क्यामेरा जडान, पार्क लगायतका पूर्वाधार निर्माण, सामाजिक सशक्तीकरण मार्फत **"कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"** स्थापना भई **समृद्ध नेपाल सुखी नेपालीको** दीर्घकालिन राष्ट्रिय सोचलाई सार्थक वनाउनमा योगदान पुर्याउने छ भन्ने विश्वास लिएको छु।

९७. सभा समक्ष प्रस्तुत गरिएको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा सो साथ संलग्न विवरणमा सभाका सबै सदस्यको रचनात्मक सुझाव सहित पूर्ण समर्थन तथा सो को कार्यान्वयनमा सहयोग र सहकार्य रहने विश्वास लिएको छु ।

९८. बजेट तर्जुमाको क्रममा मार्गदर्शन गर्नुहुने नगरप्रमुखज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु, महत्वपूर्ण सुझाव सल्लाह प्रदान गर्नुहुने विभिन्न राजनीतिक दल, अर्थविद्, नीजि क्षेत्र, सहकारी क्षेत्र, विभिन्न विधाका विज्ञ, बुद्धिजीवि, नागरिक समाज तथा आम नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।साथै बजेट तर्जुमामा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

९९. अन्त्यमा, सवै टोखावासी दिदी बहिनी तथा दाजुभाईहरुलाई टोखाको विकास र नगरवासीको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट भई आवश्यक सहयोग पुर्याउन समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

(मुरारी तामाङ्ग)
उपप्रमुख

२०८३ असार ९, मंगलबार
ने.सं. ११४६, तछलाथ्व, नवमी